# सद्भावना

साहित्यका विभिन्न विधाहरू कविता, कथा, निबन्ध, नाटक आदिमध्ये नाटक विधा नै सर्वाधिक श्रेष्ठ विधा मानिएको छ। नेपाली साहित्यमा पनि नाट्य विधा त्यही गरिमा बोकेर नित्य समृद्धि पथतिर गतिशील छ। यो मनोरञ्जनात्मक र अभिनयात्मक सौन्दर्य कला मात्र नभएर साहित्यिक संरचनाको बढ़ी जीवनवादी पक्ष हो। तर त्यसो भनेर मात्र होइन नाटकप्रतिको मेरो अनुराग प्राथमिक पाठशाला पढ्दादेखि अहिलेसम्म अटुट छ। समयान्तरमा माध्यमिक, उच्च माध्यमिक, महाविद्यालयसम्म आइपुग्दा नाटक पढ्ने, लेख्ने र निर्देशन गर्ने जस्ता गतिविधि तथा कार्यहरू यदाकदा हुन थाल्यो र पछि उत्तर बङ्गाल विश्वविद्यालयको स्नातकोत्तर अध्ययन सिध्याई केही अन्तरालमा विश्वविद्यालयमा नै नियुक्ति पांएर नाटकलाई नै अध्यापनको विषय बनाउने अवसर पाएपछि आफ्नो साहित्यिक अभिरुचिको एउटा विशेष विषय नाटक नै बन्नपुग्यो। फलस्वरूप नाटक विधामा आश्रित रहेर विद्यावारिधि उपाधि (पी. एच. डी.) हासिल गर्ने अनुसन्धानका लागि बिस्तारै मन बनाउन थालें।

आधुनिक नेपाली साहित्य जगत्‌का बहुप्रतिभाशाली एवम् युग प्रतिनिधि नाटककार विजय मल्लका नाटकहरू पढ़ेर बढ़ी प्रभावित हुन थालें; पछि उनकै नाट्यकारिताबारे शोध कार्य गर्नलाई उत्तर बङ्गाल विश्वविद्यालयका रेजिस्ट्ररकहाँ निवेदन जनाएँ, निवेदन स्वीकृत भयो, पञ्जीकरण भयो- शोधको विषय - **विजय मल्लका नाट्यकृतिहरूको प्रवृत्तिपरक अध्ययन**। तर पहिलोपटकको निर्धारित पाँच वर्षको शोध अवधि (२००१-२००६) विभिन्न बाधा तथा प्रतिकूल परिस्थितिको कारण थोरै काम मात्र भएर निष्फल नै बित्यो। पुनः आवेदन गरी नवीनीकरणको दोस्रो अवधि (पाँच वर्ष) को लागि अनुमोदन प्राप्त गरेपछि सो समय सीमालाई ध्यानमा राखी पहिलेकै शोध शीर्षक **विजय मल्लका नाट्यकृतिहरूको प्रवृत्तिपरक अध्ययन** विषयको यो शोध प्रबन्ध यसपटक भने सम्पन्न गर्न सकियो।

यस सन्दर्भमा, सर्वप्रथम प्रस्तुत शोध प्रबन्ध तयार गर्नका लागि मेरा पूज्य गुरु प्रो. डा. भीमकान्त उपाध्यायले सधैं प्रेरणा, प्रोत्साहन, प्राज्ञिक, बौद्धिक एवम् व्यावहारिक.मार्ग

दर्शन दिनु भएको हो। आफ्नो अत्यन्त व्यस्त समय खर्चेर सधैं स्नेहसिक्त अनुराग देखाई मेरो यो शोध कार्यको निर्देशनको गुरु दायित्व पालन गरिदिनु भएकोमा गुरुवर प्रो. डा. उपाध्यायप्रति म सधैं सश्रद्धा अशेष कृतज्ञता प्रकट गर्दछु।

शोध कार्य सम्पन्न गर्नलाई शुरुदेखि नै नाटककार विजय मल्लबारे आधिकारिक तौरमा यथेष्ट सूचना, पुस्तकादि, उपयुक्त परामर्श र जानकारी दिनु हुने काठमाडौं निवासी साहित्यिक स्रष्टा तथा प्राध्यापक श्री चैतन्य प्रकाश प्रधान, अध्यक्ष : विजय मल्ल स्मृति समाज- प्रति आजन्म ऋणी बन्न पुगेको छु।

यसै कार्यमा लागिरहँदा विभिन्न स्थिति-परिस्थितिमा सधैं सल्लाह, ध्यैर्य र माया दिंदै सफलताका कामना गरिरहने मेरी सहधर्मिणी श्रीमती तिलाञ्जलि सिंहलाई हार्दिकतापूर्वक अनन्त कृतज्ञता प्रकट गर्दछु। छोरीहरू कृति घतानी र स्मृति घतानीप्रति शोध कार्य गर्दा अनुकूल वातावरण तयार पार्दै सहयोग पुऱ्याएकोमा दुवैलाई अनन्त अनुराग दर्शाउँदछु।

नेपाली विभाग, उत्तर बङ्ग विश्वविद्यालयका पूर्व एवम् वर्तमान शिक्षण क्षेत्रका प्रो. लक्ष्मीकान्त शर्मा (अवकाश प्राप्त), प्रो. घनश्याम नेपाल, प्रो. मोहन पी. दाहाल साथै प्रो. पुष्कर पराजुलीप्रति सधैं हार्दिकतापूर्ण सहयोगिता दर्शाएकोमा कृतज्ञ बनेको छु। विभागकै प्रो. शान्तिराज शर्मा, जसले शोध कार्य गर्दा विपद् सम्मुखीन हुँदा सहज तर दृढ़तापूर्वक हौसला र प्रोत्साहन दिइरहनु भयो अनि विभागीय प्रमुख प्रो. नरेशचन्द्र खाती, जसको संसर्गमा मलाई उपयुक्त सर-सल्लाह र आन्तरिकता प्राप्त भइरह्यो- प्रति चिरानुगृहिति व्यक्त गर्दछु।

एकै लहरमा त्रिभुवन विश्वविद्यालयका पूर्व प्राध्यापकहरू डा. बासुदेव त्रिपाठी, डा. चूड़ामणि बन्धु, डा. मोहन हिमांशु थापा, वर्तमान नेपाली विभागाध्यक्ष प्रो. राजेन्द्र सुबेदी तथा सुप्रसिद्ध नाटककार एवम् प्रो. मनबहादुर मुखियाप्रति समय-समयको भेटमा बहुमूल्य बौद्धिक एवम् प्राज्ञिक परामर्श प्रदान गर्नुभएकोमा उहाँहरूप्रति ससम्झना आभार व्यक्त गर्दछु।

साहित्यका तितिक्षु विद्वान् स्वनामधन्य डा. इन्द्रबहादुर राईप्रति साथै गुरुमा डा. लक्खीदेवी सुन्दासप्रति शोध कार्यका सफलताका निम्ति सदिच्छा प्रकट गरिरहनु हुन्थ्यो, हुन्छ-प्रति सश्रद्धा अभ्यर्थना जनाउँदछु।

यसै क्रममा श्रीमती मलयादेवी उपाध्याय गुरुमा (अर्धाङ्गिणी प्रो. भीमकान्त उपाध्याय)प्रति

जसले शोध कार्य गर्दा सधैं सस्नेह सफलताको शुभकामना दिइरहनु भयो; डा. जस योञ्जन प्यासी, दाइ विजय सुबेदी, भतिज सम्पद घतानी ज-जसले शोध कार्यका निम्ति सहयोग पुऱ्याउँदै हुटहुटी लगाइरहनु भयो- प्रति अन्त:करणबाटै अनन्त कृतज्ञता जनाउँदछु।

उत्तर बङ्गाल विश्वविद्यालयका समस्त अधिकारीवर्ग, यहाँकै ग्रन्थागार भवनका कर्मचारीवर्ग, केन्द्रीय पुस्तकालाय कोलकाता, त्रिभुवन विश्वविद्यालय नेपालका पुस्तकालय अध्यक्ष तथा सहयोगीवर्ग साथै प्रज्ञा प्रतिष्ठान काठमाडौंप्रति सधैं ऋणी रहेको छु। शोध कार्य तयारी गर्दा उपयोग गरिएका पुस्तकादिको लेखक तथा अग्रज अनुसन्धाताहरूप्रति सविनय आभार व्यक्त गर्दछु।

यसबाहेक धेरै लामो समयदेखि मेरो यस शोध कार्यको सफलताका कामना गर्नेहरू, मेरा कैयन् शुभचिन्तकहरू, कैयन् अभिभावकतुल्यहरू, कैयन् पूर्व विद्यार्थीहरू र कैयन् सहृदय आत्मीयहरू, सबै-सबैलाई ससम्झना सहस्र हार्दिकता ज्ञापन गर्दछु।

शोध कार्य समाप्त गरेपछि आफ्ना तमाम झमेलाहरू पन्छ्याउँदै मेरै कार्यलाई गुरुत्व दिएर मनोवाञ्छित ढङ्गमा शोध प्रबन्धको टङ्कन गरी सुड़ोल र सुन्दर संयोजना तयार गरिदिनु हुने अत्यन्त सिपालु, मेहनती, इमान्दार एवम् सुशील कम्प्युटर सञ्चालक सचिन राई, सिलगढ़ीप्रति सदैव सुख, शान्ति र समृद्धिको कामना गर्दछु।

अन्त्यमा सद्भावनाका यी शब्दहरूमा अहिलेलाई यतिमै सीमा रेखा कोर्दछु।



शोधार्थी

**कृष्णराज घतानी**
प्राध्यापक
नेपाली विभाग
उत्तर बङ्गाल विश्वविद्यालय

मिति
९ अगस्त, २०११